नेपाल सरकार
शिक्षा, बिज्ञान तथा प्रविधी मन्त्रालय
**शिक्षा विभाग**
(आर्थिक प्रशासन शाखा)

अत्यन्त जरुरी

सानोठिमी भक्तपुर
फो.न. ०१६६३३०२९

प.स. २०७४।०७५
च.न. २५३

मिति : २०७५/०२/१०

विषय : आर्थिक व्यवस्थापन तथा अख्तियारी सम्बन्धमा ।

श्री प्रमुख
शिक्षा बिकास तथा समन्वय ईकाइ
जिल्ला प्रशासन कार्यालय - ७५

उपर्युक्त विषयमा यस विभागको च. न. २५१ मिति २०७५।०२।०९ मा प्रदान गरिएको अख्तियारीको व्यहोराको केहि बुदाँमा त्रुटि हुन गएको देखिएको सम्बन्धमा उक्त अख्तियारी रद्ध गरी यसै साथ संलग्न च.न. २५२ मिति २०७५।०२।१० को अख्तियारी पत्रानुसार कार्यान्वयन गर्नु गराउनु हुन जानकारी गराएको छु ।

बाबुराम पौडेल
महानिर्देशक

बोधार्थ

श्री शिक्षा, बिज्ञान तथा प्रविधी मन्त्रालय - आर्थिक प्रशासन शाखा, सिंहदरवार ।
श्री महालेखा परीक्षकको कार्यालय - शिक्षा तथा खेलकुद निर्देशनालय, पुल्चोक
श्री महालेखा नियन्त्रक कार्यालय – बजेट कार्यान्वयन शाखा ,अनामनगर ।
श्री क्षेत्रीय शिक्षा निर्देशनालय- सवै ।
श्री प्रमुख जिल्ला अधिकारी- जिल्ला प्रशासन कार्यालय – सवै ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय – सवै ।

नेपाल सरकार
शिक्षा, बिज्ञान तथा प्रविधी मन्त्रालय
शिक्षा विभाग
(आर्थिक प्रशासन शाखा)

सानोठिमी भक्तपुर
फो.न. ०१६६३३०२९

अत्यन्त जरुरी

प.स. २०७४।०७५
च.न. २५२

मिति : २०७५/०२/१०

विषय : आर्थिक व्यवस्थापन तथा अख्तियारी सम्बन्धमा ।

श्री प्रमुख
शिक्षा बिकास तथा समन्वय ईकाइ
जिल्ला प्रशासन कार्यालय - ७५

प्रस्तुत विषयमा यस बिभागको च.न .२२६ मिति २०७५।०१।०४ को पत्र प्राप्त गरी सो बमोजिम कार्यान्वयन गर्नु भएकै छ । यस सन्दर्भमा "चालु आर्थिक वर्ष २०७४।०७५ का लागि साबिक जिल्ला शिक्षा अधिकारी, जिल्ला शिक्षा कार्यालयहरूबाट कार्यान्वयन गर्ने गरी स्वीकृत भएको बजेट तथा कार्यक्रमहरु तत् तत् बजेट उपशीर्षकहरूबाट जिल्ला प्रशासन कार्यालय अन्तर्गत रहने गरी गठन भएको शिक्षा विकास तथा समन्वय इकाइ प्रमुखबाट नै मिति २०७४।१२।२८ गते देखि मिति २०७५ असार मसान्त सम्मका लागि सञ्चालन गर्ने" भन्ने नेपाल सरकार ( मन्त्रिपरिषद्) बाट मिति २०७५।०२।०६ मा निर्णय भएको भनी शिक्षा, बिज्ञान तथा प्रविधी मन्त्रालयको च. न. ४४४ मिति २०७५।०२।०८ को पत्रबाट लेखी आएको हुँदा देहाय बमोजिम कार्यान्वयन गर्ने गरी अख्तियारी सुम्पेको छु ।

**तपसिल :**

१. साविक जिल्ला शिक्षा अधिकारी, जिल्ला शिक्षा कार्यालयलाई स्वीकृत कार्यक्रम तथा बजेट बमोजिम अख्तियारी प्रदान गरिएको बजेट उप-शिर्षकहरुको मिति २०७४।१२।२८ गते सम्म खर्च भइ बाँकि रहेको रकम तत् तत् उप-शिर्षकहरुबाट खर्च गर्ने गरी जिल्ला प्रशासन कार्यालय अन्तर्गत रहने गरी गठन भएको शिक्षा विकास तथा समन्वय ईकाइको प्रमुखको नाममा अख्तियारी कायम गर्ने।

२. यसरी कायम हुने अख्तियारी रकमवाट मिति २०७४।१२।२९ गतेदेखि मिति २०७५ असार मसान्त सम्मको अवधि को लागि आर्थिक कार्यविधि ऐन, २०५५ तथा नियमावली २०६४ एवं अन्य प्रचलित कानून बमोजिम खर्च गर्ने, श्रेस्ता राख्ने, लेखापरिक्षण गराउने एवं प्रतिवेदन गर्ने। यसरी खर्च गर्दा साविक जिल्ला शिक्षा कार्यालयबाट नवगठित शिक्षा विकास तथा समन्वय ईकाइमा बरबुझारथ हुँदा मिति २०७४।१२।२८ भन्दा अगाडि सृजना भएको दायित्व समेत हस्तान्तरण भएको भए सो समेत खर्च लेखी भुक्तानी गर्ने।

३. उपरोक्त बमोजिम कार्यक्रम कार्यान्वयन गर्दा प्रमुख जिल्ला अधिकारीज्यू को सुपरिवेक्षण तथा समन्वयमा गर्ने।

४. अन्य व्यहोराको हकमा यस बिभागको उल्लेखित पूर्व पत्रानुसार कार्यान्वयन गर्ने।

५. शिक्षा बिकास तथा समन्वय ईकाइ नवलपरासी ( बर्दघाट - सुस्ता) पश्चिम र रुकुम पश्चिम ले क्रमश नवलपरासी ( बर्दघाट - सुस्ता) पूर्व र रुकुम पुर्व समेतको कार्यक्रम कार्यान्वयन गर्ने।

बाबुराम पौडेल
महानिर्देशक

**बोधार्थ**

श्री शिक्षा, बिज्ञान तथा प्रविधी मन्त्रालय - आर्थिक प्रशासन शाखा, सिंहदरवार।
श्री महालेखा परीक्षकको कार्यालय - शिक्षा तथा खेलकुद निर्देशनालय, पुल्चोक
श्री महालेखा नियन्त्रक कार्यालय – बजेट कार्यान्वयन शाखा ,अनामनगर।
श्री क्षेत्रीय शिक्षा निर्देशनालय- सवै।
श्री प्रमुख जिल्ला अधिकारी- जिल्ला प्रशासन कार्यालय – सवै।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय – सवै।